मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः २ | अङ्कः १२ | मितिः २०८० असार १० गते, आइतबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति



वातावरणको क्षेत्रमा एउटा नयाँ आयाम थपौं, गाउँपालिकालाई सफा, स्वच्छ र हराभरा बनाऔं

सफा मर्स्याङ्दी अभियान अन्तर्गत

रेडियो बहस






## नीति तथा कार्यक्रम निर्माण सम्बन्धी सुझाव संकलन कार्यक्रम सम्पन्न



मर्स्याङ्दी गाउँपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा मर्स्याङ्दी गाउँपालिका घर भइ हाल स्थायी र अस्थायी रुपमा काठमाडौं बस्दै आएका बुद्धिजीविसंग छलफल र सुझाव संकलन कार्यक्रम सम्पन्न भएको थियो । गाउँपालिका अध्यक्ष अर्जुन गुरुङको नेतृत्वमा गएको टोलीले काठमाडौंमा शनिबार आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धी छलफलसँगै सुझाव लिएको हो । कार्यक्रममा उपस्थितले मर्स्याङ्दी गाउँपालिकाको भौगोलिक हिसावलाई दृष्टिगत गरी नीति तथा कार्यक्रम निर्माण गरिनुपर्नेमा जोड दिएका छन् । उनीहरुले कृषि र पर्यटनबाट गाउँपालिकाका नागरिकको जीवनस्तर उकास्ने खालका कार्यक्रम ल्याउन र दीर्घकालीन नीति बनाउन सुझाव दिएका छन् । उनीहरुले गाउँमापालिकामा अब थप नयाँ सडकको लागि ट्र्याक खोल्नु भन्दा पनि भइरहेको बाटोलाई स्थायी बनाउनुपर्नेमा जोड दिएका छन् । यस्तै, स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गर्न पनि सुझाव दिएका छन् । उनीहरुले बेंसीशहरबाट उत्तरी लमजुङतर्फको सडक निर्माणमा भइरहेको ढिलाई बारे समेत चासो लिएका थिए ।गाउँपालिका अध्यक्ष अर्जुन गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा संविधान सभा सदस्य जमीन्द्रमान घले, राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय उपाध्यक्ष हेमजंग गुरुङ, पूर्व राज्यमन्त्री रामबहादुर गुरुङ, डा. देवीप्रसाद सुवेदी, कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङ, प्राध्यापक डा. डीलबहादुर गुरुङ, डा. शान्तिकला सुवेदी, डा. रामकुमार भण्डारी, डा. हेमनाथ घिमिरे, कृषि विज्ञ रमेशचन्द्र सुवेदीलगायतले रायसुझाव दिनुभएको थियो ।








Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

वर्षः २ | अङ्कः १२ | मितिः २०८० असार १० गते, आइतबार
संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## विद्यालय स्वास्थ्य तथा पोषण सप्ताह विशेष विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न

मर्स्याङ्दी गाँपालिका अन्तर्गत स्वास्थ्य शाखाको आयोजनमा गरिएको विद्यालय स्वास्थ्य तथा पोषण सप्ताह विशेष विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम मिति २०८० जेष्ठ ५ गते गंगा मिलन माध्यामिक विद्यालय घेर्मुमा सम्पन्न भएको थियो । उक्त कार्यक्रम विद्यालयका बालबालिकालाई स्वास्थ्य शिक्षाको महत्त्व, पोषणयुक्त खानपान र त्यसबाट पर्ने सकारात्मक प्रभावका बारेमा जनकारी गराइएको थियो । यस कार्यक्रमबाट देशका कर्णधारको रुपमा रहेका विद्यार्थीहरुमा स्वस्थ खानपानको तरिका तथा अन्य स्वास्थ्य सम्बन्धी विभिन्न किसिमको ज्ञान प्राप्त गरेका थिए ।



## रैथानै बाली सम्बन्धी कार्यक्रम सम्पन्न




यही मिति २०८० जेष्ठ २६ गतेका दिन यस मर्स्याङदी गाउँपालिकाको आयोजनामा रैथाने बाली प्रवर्द्धन कार्यक्रम सम्बन्धी तालिम मर्स्याङ्दी गाउपालिका ७ उस्ता बेशिका गाउँ बेशी पौराखी कृषक समुहलाइ कृषि शाखाको प्राविधिक सहयोगमा र वडा नः ७ कार्यालयको ब्यबस्थापनमा तालीम सम्पन्न भएको थियो । कार्यक्रमको उद्देश्य रैथाने बाली संरक्षण र प्रवर्द्धन रहेको थियो ।





## समाबेसी सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम सम्पन्न

कोशिश नेपाल द्वारा सिबियमको आर्थिक सहयोग तथा मर्स्याङ्दी गाउँपालिकाको समन्वयमा मिति २०८० जेष्ठ ५ गते समाबेसी सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम अन्तर्गत कार्यपालिका तथा बिषयगत शाखा र स्वबलम्बन छलफल बैठक आ. वः २०८०/८१ को लागि मानसिक स्वास्थ्य क्षेत्रमा कोशिश तथा मार्स्याङ्दी गाउँपालिकाको तर्फबाट गर्नुपर्ने कार्यक्रमहरु सम्बन्धी बैठक मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा विविध विषयहरुमा छलफल गरिएको थियो भने कार्यपालिका सदस्यहरु ज्यूहरुले पनि आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो । कार्यक्रमको सहजीकरण कोशिश नेपाल लमजुङ र गोरखा परियोजना प्रमुख विष्णु चिलुवालज्यूले गर्नुभएको थियो । साथै उक्त बैठकमा मर्स्याङ्दी गाउँकार्यपालिका सदस्यहरु र कोशिशका प्रतिनिधिहरुको उपस्थिति थियो ।






Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

वर्षः २ | अङ्कः १२ | मितिः २०८० असार १० गते, आइतबार
संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## लमजुङ जिल्लाव्यापी अन्तरपालिका माध्यमिक बिद्यालयस्तरीय बक्तृत्वकला प्रतियोगिता सम्पन्न

मर्स्याङ्दी गाउँपालिकाको सहयोग र मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान काठमाडौंको आयोजनामा "लमजुङ जिल्लाव्यापी अन्तरपालिका माध्यमिक बिद्यालयस्तरीय बक्तृत्वकला प्रतियोगिता २०८०" संविधान सभा सदस्य पुर्व माननीय जमिन्द्रमान घलेज्यूको प्रमुख आतिथ्यतामा मित २०८० जेष्ठ १६ गते सम्पन्न भएको थियो । लमजुङ जिल्लाका विभिन्न पालिकाका नौ वटा माध्यामिक बिधालयको सहभागीता रहेको प्रतियोगितामा प्रथमः आकृती अधिकारी (श्री ईसानेश्वोर मा. बि. मध्यनेपाल न.पा.) दितियः प्रज्वल थापा (श्री गणेश मा. बि. मर्स्याङ्दी गा.पा.) तृतीयः अप्सरा गोतामे (श्री शैलापुत्री मा. बि. राईनास न.पा.) दोस्रो सन्त्वनाः अनुप गोली (श्री बिद्या ज्योती मा. बि. सुन्दरबजार न. पा.), सन्त्वनाः सर्बज्ञा सुबेदी (श्री हिमचुली मा. बि, मर्स्याङ्दी गा. पा.) हुन सफल भएको छ । मर्स्याङ्दी बाङ्मय प्रतिष्ठानका अध्यक्ष बिजय राज न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा बिशेष अतिथि मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ, उपाध्यक्ष जुनामायाँ थापा, अतिथिहरु मर्स्याङ्दी गाउँपालिका सामाजिक बिकास समिति संयोजक एवं वडा नं. ७ का वडा अध्यक्ष तिल बहादुर गुरुङ, वडा नं. ६ का वडा अध्यक्ष मीन राशि गुरुङ, डा. हेमनाथ घिमिरे, लमजुङ समाज यु. के. का अध्यक्ष मणि गुरुङ, डा. राजु तमोर, रास्ट्र कवि माधब प्रसाद घिमिरेका सुपुत्र राजिब घिमिरे मर्स्याङ्दी बाङ्मय प्रतिष्ठानका उपाध्यक्ष भाग्यशाली घिमिरे, समाजसेवी कुल बहादुर घले, रास्ट्र कवि प्रतिष्ठान बाहनडाँडाका अध्यक्ष लोकनाथ घिमिरे, मर्स्याङ्दी गाउँपालिका सामाजिक बिकास समिति सदस्य एवं शैक्षिक व्यक्तित्व आश बहादुर गुरुङ लगायतको उपस्थिति थियो । कार्यक्रमको सहजीकरण श्री चन्द्रोदय मा. बि. का बिधालय ब्यवस्थापन समितिका अध्यक्ष एवं समाजसेवी बिष्णु गुरुङले गर्नुभएको थियो।





## सामुदायिक स्वास्थ्य प्रवर्दन कार्यक्रम नसर्ने रोगहरु सम्बन्धि अभिमुखिकरण तथा स्क्रिनिडं अभियान सम्पन्न

मर्स्याङ्दी सात वडा कार्यालयको आयोजना तथा भुलभुले स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाई ताराचोकको प्राबिधिक सहयोगमा सामुदायिक स्वास्थ्य प्रवर्दन कार्यक्रम नसर्ने रोगहरु सम्बन्धि अभिमुखिकरण तथा स्क्रिनिडं अभियान कार्यक्रमको मर्स्याङ्दी गाउँपालिका वडा नं ७ का वडाध्यक्ष तिल वहादुर गुरुङ बाट मिति २०८० जेष्ठ १० गते उद्घाटन गरी सफलतापूर्वक सम्पन्न भएको छ । उक्त कार्यक्रमा वडा नं ७ स्थित जनताको विभिन्न रोगहरुको परीक्षण गरिएको थियो । यस्ता रोग लाग्ने कारण र यसबाट पुर्व रुपमै सतर्क रहने उपायहरु पनि कार्यक्रमको दौरानमा सिकाइएको थियो ।



## मानसिक स्वास्थ्य सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न




मर्स्याङ्दी गाउँपालिकाको स्वास्थ्य शाखा (मानसिक स्वास्थ्य) को आयोजनामा मानसिक स्वास्थ्य सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत कक्षा ८, ९, १० र १२ मा अध्ययनरत विद्यार्थीहरूका लागी बालमनोविज्ञान तथा मानसिक स्वास्थ्य सम्बन्धि स्वास्थ शिक्षा कार्यक्रम श्री जटेश्वर आ.वि. तथा चन्द्रोदय मा बि मा मिति २०८० जेठ २८ र २९ गते सम्पन्न भएको थियो । उक्त कक्षागत कार्यक्रममा कक्षामा शिक्षक तथा विद्यार्थीहरूमा अध्यापन/अध्ययनका क्रममा हुने चिन्ता, किशोरावस्थामा उत्पन्न हुने समस्या र ति समस्या समाधानका लागि ध्यान दिनुपर्ने कुराहरू समेटिएको थियो । यसका साथै बालबालिकामा देखिने व्यवहारिक तथा भावनात्मक समस्या र फरक फरक स्वभाव र चाहना, उनीहरूले देखाउने क्रियाकलापलाई सामान्य रूपमा हेर्न नहुने तथा व्यवहार प्रति सचेत रहि उनिहरूलाई बढि चासो दिनुपर्ने जस्ता विषयमा छलफल तथा शिक्षा प्रदान गरिएको थियो ।


Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

विविध | क्रियाकलाप
# मर्स्याङ्दी बुलेटीन
वर्षः २ | अङ्कः १२ | मितिः २०८० असार १० गते, आइतबार
संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## सफा मर्स्याङ्दी अभियान अन्तर्गत सरसफाई कार्यक्रम सम्पन्न



"प्लास्टिकजन्य प्रदुषण निर्मूल पारौं; वातावरण मैत्री विकल्पको उपयोग गरौं" भन्ने नारालाई आत्मसाथ गर्दै मिति २०८० जेष्ठ २२ गते ५० औं विश्व वातावरण दिवसको अवसरमा मर्स्याङ्दी गाउँपालिका कार्यलय परिसर र भुलभुले बजार क्षेत्रमा मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ, उपाध्यक्ष जुनामायाँ थापा, प्रमुख प्रशासकीय अधिकृत तारा बहादुर तामाङ लगायत गाउँपालिका कर्मचारीहरुको सहभागीतामा सरसफाई कार्यक्रम सम्पन्न भएको थियो । उक्त अभियान मर्स्याङ्दी गाउँपालिकाको विभिन्न टोलटोलहरुमा समेत सम्पन्न भएको थियो ।



## रेडियो बहस कार्यक्रम सम्पन्न

वातावरणको क्षेत्रमा एउटा नयाँ आयाम थपौं, गाउँपालिकालाई सफा स्वच्छ हराभरा बनाऔं ! भन्ने मुल नाराका साथ मिति २०८० जेष्ठ २४ गते मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा सफा मर्स्याङ्दी अभियान अन्तर्गत "रेडियो सार्वजनिक बहस" कार्यक्रम मर्स्याङ्दी गाउँपालिका वडा नं. ७ को डादीमा र मर्स्याङ्दी गाउँपालिका वडा नं ३ खुदीमा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको सहजीकरण सामुदायिक रेडियो मर्स्याङ्दी ९५ मेगाहर्जले गरेको थियो भने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष लगायतका माहानुभावले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।






## विपद् परिवारलाई आर्थिक सहयोग कार्यक्रम सम्पन्न





मर्स्याङ्दी गाउँपालिका वडा नं. ७, ताराचोक निवासी श्री गुम वहादुर गुरूङको घरमा मिति २०७९ फागुन ३० गते अचानक आगालागी भई घर पूर्ण रूपमा जलेर नष्ट भएको दुःखद घडीमा मर्स्याङ्दी गाउँपालिकाबाट आर्थिक सहयोग रकम रु.३५,०००/- (पैतिस हजार) मिति २०८० जेष्ठ ८ गते स्वयम् पिडितको घरमा गई मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूले हस्तान्तरण गर्नुभएको थियो । उक्त सहयोग हस्तान्तरण कार्यक्रममा मर्स्याङ्दी गाउँपालिका सामाजिक बिकास समिति संयोजक एवं वडा नं. ७ का वडा अध्यक्ष तिल बहादुर गुरुङ, वडा नं. ७ का पूर्व वडा अध्यक्ष युवा घले, अध्यक्षज्यूको स्वकीय सचिब सरोज गुरुङ र टोलका बुद्धिजीवी तथा समाजसेवीहरुको उपस्थिति थियो ।






Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

विविध | क्रियाकलाप

# मर्स्याङ्दी बुलेटीन

वर्षः २ | अङ्कः १२ | मितिः २०८० असार १० गते, आइतबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## मेड्पा कार्यक्रम अन्तर्गत पुराना उद्यमीहरुलाई पुनर्ताजगी सिलाइ कटाई तालिम सम्पन्न

मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा संचालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत यस मर्स्याङ्दी गाउँपालिका वडा नं. ६, बाहुनडाँडामा पुराना उद्यमीहरुलाई पुनर्ताजगी सिलाइ कटाई तालिम यसै वडाका अध्यक्ष श्री मिनराशी गुरुङ ज्यूको अध्यक्षतामा उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो । उक्त तालिमबाट पहिले नै सिलाई कटाइ सम्बन्धी तालिम लिएका उद्यमीहरुको सीपलाई थप सुधार गर्ने लक्ष्य लिइएको थियो । यस कार्यक्रमको सफल समापन पश्चात वडा ६ का उद्यमीहरुलाई आफ्नो पेशा उद्यम थप अघि बढाउन प्रोत्साहन मिल्ने धारण कार्यक्रममा वडा अध्यक्ष श्री मिनराशी गुरुङ ज्यूले व्यक्त गर्नुभएको थियो ।




## मेड्पा कार्यक्रम अन्तर्गत सीप बिकास तालिम समापन तथा उपयुक्त प्रबिधी हस्तान्तरण कार्यक्रम सम्पन्न




मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम अन्तर्गत मिति २०८० जेष्ठ ७ गते सीप बिकास तालिम समापन तथा उपयुक्त प्रबिधी हस्तान्तरण, बाख्रापालन र तरकारी खेती सीप बिकास तालीम उद्घाटन कार्यक्रम मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रम अन्तर्गत ९ जना महिला हरुलाई ६५ दिने सिलाई कटाई सीप बिकास तालीम प्रदान गरिएको थियो भने बाख्रा पालनका १७ र तरकारी किशानहरु १३ जना प्रशिक्षार्थीहरु सहभागी छन् । गाउँपालिकाका अध्यक्षज्यूबाट सहभागीहरुलाई सिलाई मेसिन तथा प्रविधी हस्तान्तरण गरिएको छ । मर्स्याङ्दी गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष घनश्याम घलेज्यूको अध्यक्षतामा भएको समापन तथा उद्घाटन कार्यक्रममा मेड्पा फोकल पर्शन एवं कम्युटर अपरेटर बसन्त बरुवाल, वडा सदस्यहरु, गाउँपालिकाका पशु शाखा प्रमुख जीवन मायाँ वली, वडा सचीव केशब ढकाल, वडा पशु प्राविधिक र प्रशिक्षार्थीहरु उपस्थित हुनुहुन्थ्यो।

## मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा पालिका स्तरीय जेष्ठनागरिक सञ्जाल गठन कार्यक्रम सम्पन्न



मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको प्रमुख आतिथ्यता र सञ्जालका निःवर्तमान अध्यक्ष नन्द बहादुर गुरुङको अध्यक्षतामा मिति २०८० जेष्ठ १७ गते भएको भेलामा पालिका स्तरीय जेष्ठ नागरिक सञ्जाल गठन भएको थियो । उक्त भेलामा मर्स्याङ्दी गाउँपालिकाका उपाध्यक्ष जुनामाया थापा, सामाजिक बिकास समिति संयोजक एवं वडा नं. ७ का वडा अध्यक्ष तिल बहादुर गुरुङ, मनोपरामर्शदाता शर्मिला घिमिरे लगायतको उपस्थिती रहेको थियो । उक्त भेलाले डिलिराम घिमिरेको अध्यक्षतामा ९ वटै वडाका जेष्ठ नागरिक संजालका अध्यक्ष पदेन सदस्य रहने गरी १७ सदस्यीय समिति गठन गरेको छ । उक्त कार्यक्रमको सहजीकरण मर्स्याङ्दी गाउँपालिका महिला, बालबालिका तथा जेष्ठनागरिक शाखा प्रमुख सोहिनी शेर्पाले भेलाको गर्नुभएको थियो ।




### मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

- भरत राज बाँस्तोला
- बसन्त बरुवाल
- सुनिता दशौंदी
- रुपा वंशी मगर
- सरोज गुरुङ




Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal